# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

[खण्ड १] काठमाडौं आषाढ १७ गते २००८ साल [संख्या ४६

## भाग १

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावलीविराजमानमानोन्नत ओजस्विराजन्य, प्रोज्वल नेपालतारा ॐ रामपट्ट, अतुलज्योतिर्मय त्रिशक्तिपट्ट, अतिप्रबलगोरखादक्षिणबाहु, महाधिपति सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराजत्रिभुवनवीरविक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम्.

नेपालको निमित्त एउटा सल्लाहकार सभाको गठन गर्नाको लागि,
नेपाल अन्तरीम शासन विधान, २००७ लाई संशोधित गर्ने--

## एउटा ऐन

प्रस्तावना :— देशको शासन प्रबन्धमा जनताको प्रतिनिधिहरुलाई अझ बढ्ता सम्मिलित गराउनाको निमित्त श्री ५ महाराजाधिराज ए मौसूफको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ

मन्त्रिमण्डललाई आफ्नो कार्यको सम्पादनमा सहायता र सलाह दिने एउटा सल्लाहकार सभाको गठन आवश्यक तथा वाञ्छनीय भएकोले देहायका अधिनियमहरू बनाइएका छन्।

१. (१) यस ऐनको नाम -नेपाल अन्तरीम शासनविधान [दोस्रो संशोधन] २००८ हुनेछ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ।

## परिभाषा

२ प्रसंगबाट अर्कै अर्थ नलागेसम्म, यस ऐनमा---

प्रधान ऐन—नेपाल अन्तरीम शासन विधान २००७ लाई भन्नेछ।

सभा — सल्लाहकार सभालाई भनिनेछ।

अरू शब्दहरूको, जसको परिभाषा यहाँ दिइएको छैन, उही अर्थ र महत्व हुनेछ, जो कि उनीहरूको प्रधान ऐनमा थियो।

प्रधान ऐन भाग ३ को परिच्छेद १ कार्यकारिणी अधिकारपछि निम्नलिखित अर्को परिच्छेद थपिनेछ।

## परिच्छेद १ (क) सल्लाहकार सभा

## साधारण

२८ क. (१) नेपालमा एउटा सल्लाहकार सभाको गठन हुनेछ, जसको सदस्यहरूको संख्या श्री ५ महाराजाधिराजले तोकिबक्सेबमोजिम हुनेछ, र जो कि श्री ५ महाराजाधिराजले नेपालका प्रामाणिक नागरिकहरूमध्येबाट मनोनीत हुनेछन् र जसमा नेपाल सरकारका सबै मन्त्री, राज्यमन्त्री तथा उपमन्त्री पदेन सदस्य हुनेछन्।

(२) संविधान सभाको गठन भएपछि सल्लाहकार सभाको अस्तित्व समाप्त हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

२८ ख. सभाका गैर सरकारी सदस्यहरूमा, सकेसम्म देशको विभिन्न भाग, वर्ग तथा विचारधाराको प्रतिनिधित्व गर्ने व्यक्तिहरू छानिनेछन् ।

२८ ग. (१) नेपालका नागरिक,

(२) २५ वर्ष पुगिसकेको, तथा–

(३) तल २८ घ. मा दिइएको अयोग्यता–रहित–

नभइकन कुनै व्यक्ति पनि सल्लाहकार सभाका सदस्य मनोनीत हुने योग्य हुनेछैन ।

२८ घ. (१) देहायका व्यक्तिहरू सल्लाहकार सभाका सदस्य चुनिन अयोग्य हुनेछन् :—

(क) नेपाल सरकारको मातहतमा कुनै लाभको पद धारण गरेका व्यक्तिहरू ।

(ख) अदालतद्वारा नैतिक विकृति तथा भ्रष्टाचारको अभियोगमा दोषी साबित भएका व्यक्तिहरू ।

(ग) मगज बिग्रेका व्यक्तिहरू ।

तर यस दफाको लागि, नेपालको मन्त्रिमण्डलको सदस्य अथवा राज्यमन्त्री अथवा उपमन्त्री भएको व्यक्तिलाई लाभको पद धारण गरेका व्यक्ति मानिनेछैन ।

(२) कुनै व्यक्ति पनि शपथग्रहण नगरिसकेसम्म सभाको सदस्य मानिनेछैन ।

२८ ङ. (१) सल्लाहकार सभाको कुनै सदस्यले पनि निम्नलिखित कुनै अवस्थामा पनि आफ्नो स्थान रिक्त गरेको ठहरिनेछ :—

(क) आफ्नो हस्ताक्षरमा लिखित त्यागपत्र सभाको अध्यक्षलाई पेश गरेमा, अथवा–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) दफा २८ ग.मा लेखिएको अयोग्यताको भागी हुन गएमा ,अथवा,

(ग) २५ दिनको अवधिसम्म सभाको बैठकहरूमा, सभाको अनुमति-विना अनुपस्थित रहेमा ,

तर यो २५ दिनको अवधिको गणनामा , सभाको स्थगनकाल यदि लगातार ४ दिनभन्दा बर्ता छ भने , सम्मिलित गरिनेछैन ।

(२) कुनै सदस्य , दफा २८ ग.मा वर्णित अयोग्यताको भागी हुन गएको छ अथवा छैन भन्ने कुनै प्रश्न उठ्यो भने , सो प्रश्न निर्णयको निमित्त श्री ५ महाराजाधिराजमा पेश गरिनेछ र मौसूफको निर्णय अन्तिम हुनेछ ।

२८ च. सभाका सदस्यहरूले पाउने वेतन तथा भत्ता श्री ५ महाराजाधिराजले तोकिबक्सेबमोजिम हुनेछ ।

२८ छ. यदि कुनै व्यक्ति शपथग्रहण गर्नुभन्दा पहिले नै अथवा आफू सदस्यताको निमित्त योग्य छैन अथवा अयोग्य छु भन्ने थाहा पाएर पनि सभाको बैठकमा सदस्यको हैसियतले बस्दछ अथवा मत दिन्छ भने, सो व्यक्तिलाई सभामा बसेको अथवा मत दिएको प्रत्येक दिनको मोरू १००।का दरले जरिवाना गरिनेछ, जो कि उसँग राज्यलाई देय ऋणको रूपमा वसूल गरिनेछ ।

२८ ज. सभामा कुनै स्थान रिक्त भएमा, त्यसको पूर्ति गर्ने अधिकार श्री ५ महाराजाधिराजलाई रहनेछ ।

## सभाका पदाधिकारीहरू

२८ झ. श्री ५ महाराजाधिराजले तोकिबक्सेको सदस्य अथवा व्यक्तिको सभापतित्वमा, सल्लाहकार सभाले आफ्नो अधिवेशनको प्रथम बैठकमा. दुइ जना सदस्यलाई क्रमशः आफ्नो अध्यक्ष तथा उपाध्यक्ष चुन्नेछ र पछि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पनि जैले जैले अध्यक्ष अथवा उपाध्यक्षको पद रिक्त हुनेछ, कुनै अन्य सदस्यलाई, स्थितिअनुसार अध्य अथवा उपाध्यक्ष चुन्नेछ। अध्यक्ष र उपाध्यक्षको चुनाव सभामा उपस्थित सदस्यहरूको बहुमतले गरिनेछ, तथा सभाका पदेन सदस्यहरू यी पदका चुनावको निमित्त उम्मेदवार खडा हुन पाउनेछैनन् ।

२८ ञ. सल्लाहकार सभाको अध्यक्ष तथा उपाध्यक्षको पद धारण गर्ने सदस्यः—

[१] यदि सल्लाहकार सभाको सदस्य रहँदैन भने, आफ्नो स्थान रिक्त गर्नेछ ।

[२] आफ्नो हस्ताक्षरमा लिखित श्री ५ महाराजाधिराजलाई सम्बोधित पत्रद्वारा पद—त्याग गर्न सक्नेछ।

[३] आफ्नो पदबाट सभामा उपस्थित सदस्यहरूको ३खगडमा २ खगडको बहुमतले पास भएको प्रस्तावद्वारा हटाइन सक्नेछ।

२८ ट. [१] सभाको अध्यक्षको पद रिक्त भएमा उपाध्यक्ष तथा उपाध्यक्षको पनि स्थान रिक्त भएमा श्री ५ महाराजाधिराजले यस प्रयोजनको निमित्त खटाइबक्सेको सदस्यले, त्यस पदको कर्तव्यको पालन गर्नेछ ।

[२] सभाको कुनै बैठकमा, अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले तथा उपाध्यक्षको पनि अनुपस्थितिमा, कार्यविधिको नियमानुसार सभाले निर्धारित गरेको व्यक्तिले अध्यक्षको रूपमा कार्य गर्नेछ।

२८ ठ. सभाको अध्यक्षलाई अथवा अध्यक्षको रूपमा कार्य गरिरहेको उपाध्यक्ष अथवा अन्य कुनै व्यक्तिलाई प्रथमतः मत दिने अधिकार रहने छैन, तर मत बराबर बाँडिए१ो स्थितिमा, आफ्नो निर्णायक मत दिने अधिकार रहनेछ ।

२८ ड. अध्यक्षलाई हटाउने प्रस्ताव विचाराधीन भएको समयमा अध्यक्षले, तथा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ

उपाध्यक्षलाई हटाउने प्रस्ताव विचाराधीन भएको समयमा उपाध्यक्षले, सभामा पदासीन हुन पाउनेछैन ।

२८ द. अध्यक्ष तथा उपाध्यक्षले पाउने वेतन र भत्ता श्री ५ महाराजाधिराजले तोकिबक्सेबमोजिम हुनेछ ।

## सभाको आह्वान र अधिवेशन

२८ ण. [१] सल्लाहकार सभा प्रत्येक वर्षमा कमसेकम दुइ पटक आह्वान गरिनेछ र एक अधिवेशनको अन्तिम बैठक तथा अर्को अधिवेशनको प्रथम बैठकको बिचमा ६ महीनाको काल व्यतीत हुन पाउनेछैन ।

(२) माथि उपदफा (१) को अधीन रही श्री ५ महाराजाधिराजले समय समयमा—

(क) उपयुक्त संझिबक्सेको स्थान र समयमा सभालाई आह्वान गर्न सकिबक्सनेछ ।

(ख) सभाको अधिवेशन भङ्ग गर्न सकिबक्सनेछ ।

२८ त. श्री ५ महाराजाधिराजले, प्रत्येक अधिवेशनको प्रारम्भमा, सभालाई सम्बोधन गरिबक्सनेछ, सभाको आह्वानको कारण ज्ञात गराइबक्सनेछ ।

२८ थ. (१) श्री ५ महाराजाधिराजले सभालाई सम्बोधन गर्न सकिबक्सनेछ र यस प्रयोजनका निमित्त सदस्यहरूको उपस्थिति चाहन सकिबक्सनेछ ।

(२) श्री ५ महाराजाधिराजले सभालाई, सभाको समक्ष प्रस्तुत विषय अथवा अन्य कुनै विषयको सम्बन्धमा सन्देश पठाउन सकिबक्सनेछ, र सभाले त्यस सन्देशमा लिखित विषयमाथि सुविधानुसार यथाशीघ्र विचार गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सभाको कार्यसञ्चालन

२८ द. सभाको प्रत्येक सदस्यले आफ्नो आसन ग्रहण गर्नुभन्दा पहिले श्री ५ महाराजाधिराज अथवा मौसूफबाट त्यस कामको निमित्त नियुक्ति गरिबक्सेको व्यक्तिको समक्ष पहिले अनुसूचिमा दिइएको बेहोराअनुसार शपथ ग्रहण गर्नेछ ।

२८ ध. [१] यस ऐनमा अन्यथा लेखिएबाहेक, सभाको बैठकमा सबै प्रश्नहरूको निर्णय अध्यक्ष अथवा अध्यक्षको कार्य गरिरहेको व्यक्तिबाहेक अरू उपस्थित र मत दिने सदस्यको बहुमतद्वारा गरिनेछ ।

(२) सभाको कुनै स्थान रिक्त भएकोले अथवा कुनै अनधिकृत व्यक्तिले सभामा मत दिएको अथवा कुनै अन्य प्रकारले भाग लिएको पछि थाहा पाइनगएकोले सभाको कार्यवाही अमान्य हुनेछैन ।

(३) सभाको बैठकको निमित्त सदस्यहरूको आवश्यक उपस्थिति-संख्या २५ हुनेछ ।

(४) सभाको बैठक कालमा सदस्यहरूको संख्या यदि आवश्यक उपस्थिति-संख्याभन्दा कम हुन गयो भने, अध्यक्षले अथवा अध्यक्षको कार्य गरिरहेको व्यक्तिले या त आवश्यक उपस्थिति-संख्या पूरा नहुन्जेलसम्म सभाको कार्यवाही रोकिदिनेछ, अथवा सभालाई स्थगित नै गरिदिनेछ ।

## सदस्यहरूको विशेषाधिकार

२८ न. [१] यस ऐनको तथा सभाको कार्यविधिका नियमहरूको भित्र सभामा वाकस्वतन्त्रता रहनेछ ।

(२) सभामा अथवा सभाको कुनै समितिमा भनेको कुनै कुरा अथवा दिइएको सम्बन्धमा, सभाको कुनै सदस्यको विरुद्ध कुनै न्यायालयमा पनि केही कार्यवाही चल्न सक्नेन । न कुनै व्यक्तिको विरुद्धमा सभाको अधिकृतिद्वारा अथवा सभाको अधीन रही कुनै रिपोर्ट, पत्र, मत तथा कार्यवाहीको प्रकाशन गरेको सम्बन्धमा नै यस प्रकारको कुनै कार्यवाही चल्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# सल्लाकार सभाको शक्ति

२८ प. सल्लाहकार सभाले, निम्न लिखित कुराहरूबाहेक सरकारको व्यवस्थापक तथा कार्यकारिणी कृत्यहरूसँग सम्बन्धित कुनै विषयमाथि पनि छलफल गर्न सक्नेछ:—

( १ ) यस्ता कुराहरू जसमाथि छलफल गर्दा नेपाल सरकारको कुनै विदेशी राष्ट्रसँगको मैत्रीपूर्ण सम्बन्धमा खलल गर्न सक्नेछ ।

( २ ) श्री ५ महाराजाधिराज तथा मौसूफको परिवारका सदस्यहरूको व्यक्तिगत आचरणसम्बन्धी कुराहरू ।

( ३ ) यस्ता कुराहरू जसलाई प्रकट गर्दा सार्वजनिक अहित हुनजाने, सम्भावना हुन्छ । जस्तै कि--सैन्यदलको सङ्गठन तथा गतिविधि ।

( ४ ) कुनै मन्त्री अथवा सम्पूर्ण मन्त्रिमण्डलमाथि अविश्वासको प्रस्ताव ।

२८ फ. सल्लाहकार सभामा छलफल नगराई तथा मत नलिई, कुनै पनि कानून श्री ५ महाराजाधिराजको स्वीकृतिको निमित्त मौसूफमा पेश गर्न सकिनेछैन ।

२८ ब. सल्लाहकार सभाको कुनै सदस्यले पनि, दफा २८ प. मा लेखिएका कुराहरूबाहेक, सरकारको व्यवस्थापक तथा कार्यकारिणी कृत्यहरूसँग सम्बन्धित कुनै अरू विषयको बारेमा पनि प्रश्न सोध्न पाउनेछ ।

२८ भ. सभाको कुनै सदस्यले पनि अध्यक्षको अनुज्ञा लिई तथा सभाको कार्यविधिको नियमानुसार चली सभाका विचारार्थ, कुनै बीलमा स्ताव प्रस्तुत गर्न सक्नेछ ।

२८ म. श्री ५ महाराजाधिराजले आफ्नो विवेकले, सभाद्वारा पास गरिएको कुनै बील प्रस्तावलाई आफ्नो अनुमति दिन अस्वीकार गर्नसकिबक्सिनेछ । अथवा आफूले उचित सम्झिबक्सेको हेरफेर तथा संशोधनसहित सभाका पुनः विचारार्थ फर्काइदिन सकिबक्सिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८ य. सभाले यदि कुनै सरकारी बील या प्रस्तावलाई अस्वीकार गर्दछ अथवा श्री ५ महाराजाधिराजद्वारा प्रस्तावित हेरफेर तथा संशोधनलाई स्वीकार गर्दैन र यदि श्री ५ महाराजाधिराजले सो बील, प्रस्ताव हेरफेर तथा संशोधनलाई पास गर्नु सार्वजनिक हितको दृष्टिले उचित सम्झिबक्सन्छ भने, मौसूफले सो बील प्रस्ताव हेरफेर तथा संशोधनलाई, सभाले पास गरेको प्रमाणित गर्न सकिबक्सनेछ ।

२८ र. श्री ५ महाराजाधिराजले यस ऐनका दफाहरूको अधीन रही, सभाको कार्यविधि तथा कार्यसञ्चालनको सम्बन्धमा नियमहरू बनाउन सकिबक्सिनेछ ।

४. प्रधान ऐनको दफा २८ रद्द गरिनेछ र त्यसको ठाउँमा निम्न लिखित दफा २८ राखिनेछ ।

२८ वार्षिक आर्थिक विवरण वा बजेट सल्लाहकार सभाको समक्ष राखिनेछ र सभालाई सो आर्थिक विवरण वा बजेटमाथि छलफल गर्ने अथवा मत दिने अधिकार रहनेछ ।

परन्तु, श्री ५ महाराजाधिजको व्यक्तिगत कोष अथवा त्यससँग सम्बन्धित विषयहरूमाथि सभाले छलफल गर्न सक्नेछैन ।

र, दफा २८ म तथा य.भ. का नियमहरु, यस दफाका अधीन कुराहरूमाथि पनि लागू हुनेछन ।

५. अन्तरीम विधानको दफा २८ को उपदफा ( २ ) क रद्द गरिई त्यसको ठाउँमा निम्नलिखित उपदफा २ क. राखिनेछ ।

सल्लाहकार सभाको अर्को अधिवेशन सुरु भएको तीन महीना पुगेपछि खारिज हुनेछ ।

३९८०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूचि—१

१. मन्त्री, राज्यमन्त्री तथा उप-मन्त्रीको निमित्त पदको शपथको बेहोरा -

म — — $\frac{\text{ईश्वरको नाउँमा शपथ लिन्छु}}{\text{सत्यनिष्ठाले प्रतिज्ञान गर्दछु}}$ — कि. म. श्री ५ महाराजाधिराज, मौसूफको उत्तराधिकारीहरू तथा कानूनद्वारा स्थापित अन्तरीम विधानप्रति श्रद्धा र निष्ठा राख्नेछु र नेपालको मन्त्री, राज्यमन्त्री, उपमन्त्रीको रूपमा आफ्नो कर्तव्यको पालन श्रद्धापूर्वक तथा शुद्ध अन्तःकरणले गर्नेछु र भय या पक्षपात, अनुराग या द्वेष नराखी म सब प्रकारका व्यक्तिहरूप्रति विधान र कानूनको अनुसार न्याय गर्नेछु।

२. मन्त्री, राज्यमन्त्री तथा उपमन्त्रीको निमित्त गोपनीयताको शपथको बेहोरा —

म— — $\frac{\text{ईश्वरको नाम शपथ लिन्छु}}{\text{सत्यनिष्ठाले प्रतिज्ञान गर्दछु}}$ — — कि. कुनै पनि यस्तो कुरा जो कि,— मन्त्री, राज्यमन्त्री, उपमन्त्रीको रूपमा विचारार्थ मकहाँ ल्याइन्छ अथवा मलाई ज्ञात हुन्छ, आफ्नो कर्तव्यको उचित पालन गर्दा आवश्यक परेबाहेक, अन्य कुनै अवस्थामा कसैलाई पनि कुनै कुरा पनि प्रत्यक्ष अथवा अप्रत्यक्षरूपले सूचित अथवा प्रकट गर्दिन।

३. सल्लाहकार सभाको सदस्यको निमित्त शपथको व्यहोरा—

सल्लाहकार सभाको सदस्य मनोनीत भएको म — — —

$\frac{\text{ईश्वरको नाँउमा शपथ लिन्छु}}{\text{सत्यनिष्ठाले प्रतिज्ञान गर्दछु}}$

कि म श्री ५ महाराजाधिराज र मौसूफको उत्तराधिकारीहरूप्रति तथा कानूनद्वारा स्थापित अन्तरीम विधानप्रति श्रद्धा र निष्ठा राख्नेछु र आफूले ग्रहण गर्न लागेको पदको कर्तव्यहरूको पालन श्रद्धापूर्वक गर्नेछु।

---

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# न्यूनवैतनिक कर्मचारिसंघमा भाग लिनेलाई सजाय हुनेछ

(गृहमन्त्रालयको विज्ञप्ति)

केही दिन पहिले तथाकथित 'न्यूनवैनिक कर्मचारिसंघले गरेको दुराग्रहको परिणामस्वरूप उक्त संस्थालाई सरकारले अवैधानिक घोषित गरेको सर्वसाधारणलाई विदितै छ। त्यस्तै प्रकारका जागीरदारसंघ जिल्लामा पनि खुलिरहेका छन् भन्ने रिपोट आएकोले संबन्धित व्यक्तिहरूलाई सूचित गरिन्छ कि सरकारी कर्मचारीहरूको उपरोक्त किसिमका कुनै संस्थालाई मान्यता नदिने सरकारको नीति भएकोले त्यस्ता संस्थामा कर्मचारीहरूले भाग लिएमा ऐनबमोजिम सजाय हुनेछ।

सेक्रेटरी,
गृहमन्त्रालय.

## विज्ञप्ति

श्री ५ महाराजाधिराजको सेक्रेटरी आफिसबाट आएको २००६ साल आषाढ ११ गतेको विज्ञप्ति नं. १४०।८२।५२ का अनुसार श्री ५ महाराजाधिराजबाट श्रीमती मंगलादेवीलाई सल्लाहकार सभाको सदस्या मनोनीत गरिबक्सेको छ।

प्रचारविभाग.

---

गोरखापत्र छापाखानाबाट प्रकाशित

३६८

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।